मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३० ◆ अङ्क : २२४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ असार १६ गते सोमबार (Monday, 30 June 2025) नेपाल सम्वत् ११४५ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सर्बिया पठाइदिन्छु भन्दै...

**काठमाडौं, असार १५।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी सर्बिया पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं-९ बस्ने पर्सा सखुवा प्रसौनी गाउँपालिका-६ घर भएका २३ वर्षीय सुनिल कुमार सोनारलाई बिहीबार प्रहरीले पक्राउ गरेको छ ।

सुनिलले सर्बिया पठाइदिन्छु भन्दै २ जनाबाट १० लाख रूपैयाँ लिई सम्पर्कबिहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो ।

काँकरभिट्टा-लौकही सडकखण्ड

# झापामा सुस्त, मोरङमा कालोपत्रे

**झापा, असार १५।** पूर्वपश्चिम महेन्द्र राजमार्गको काँकरभिट्टा-लौकही सडक खण्ड निर्माणाधीन छ । एशियाली विकास बैंकको सहयोगमा निर्माणाधीन सडकलाई पाँच खण्डमा विभाजन गरेर काम अघि बढाइएको छ ।

एडीवीको ८४ दशमलव १ प्रतिशत र नेपाल सरकारको १५ दशमलव ९ प्रतिशत लगानीमा निर्माण शुरु भएको राजमार्ग विभिन्न चरणमा ठेग्गा लागेपनि पहिलो खण्डको निर्माण कार्यमा २ सय दिन ढिलाइ भएको छ । पहिलो खण्ड झापामा पर्छ । काँकरभिट्टा-केर्खा सडक खण्ड ४५ किलोमिटर पहिलो खण्ड हो । यही सडक खण्ड निर्माणका क्रममा दुई सय दिन ढिलाइ हुँदा उता दोस्रो खण्डको लक्ष्मीमार्गमा डेढ किलोमिटर सडक कालोपत्रे भइसकेको छ भने थप डेढ किलोमिटर सडक कालोपत्रे गर्ने तयारी भइरहेको छ । यो सडक खण्ड मोरङमा पर्छ ।

निर्माणाधीन पूर्वपश्चिम राजमार्गको काँकरभिट्टा-लौकही सडक अन्तर्गत पहिलो खण्ड भन्दा दोस्रो खण्डमा बढी भौतिक प्रगति भएको छ । यता तेस्रो खण्डको काम भने १३ प्रतिशत मात्र हुँदैछ । सडक क्षेत्रका घर टहरा नहटाइदिँदा तेस्रो खण्डको काम अघि बढ्न नसकेको काँकरभिट्टा लौकही सडक योजनाको कार्यालयले जनाएको छ ।

यता दोस्रो खण्डमा झापाको सीतापुरीदेखि मोरङको गोठगाउँसम्मको ४० किलोमिटर सडक पर्छ । यस क्षेत्रमा लगभग १८ किलोमिटर जङ्गल क्षेत्र पर्छ । ९ अर्ब १३ करोड ८२ लाख रुपैयाँमा ठेक्का लागेको यो सडकखण्डमा सबैभन्दा बढी काम भएको काँकरभिट्टा-लौकही सडक योजना (पश्चिमखण्ड)का कार्यालय प्रमुख जगत प्रजापतीले बताए । उनका अनुसार कम विवाद र समयमा नै साइट क्लियर भएकोले यो खण्डमा २५ प्रतिशत भौतिक र २१ प्रतिशत वित्तीय प्रगति भएको छ ।

२०८० कात्तिक २ गते सम्झौता भई माघ १९ गते काम शुरु भएको यस योजनाको तेस्रो खण्डको काम १३ प्रतिशत मात्र सम्पन्न भएको छ । घना आवास क्षेत्र र इटहरी उपमहानगरपालिका क्षेत्र रहेको यसखण्डको काम सबैभन्दा सुस्त गतिमा अघि बढेको छ । मोरङको गोठगाउँबाट इटहरी उपमहानगरपालिकाको लविपुरसम्मको १० दशमलव ७६ किलोमिटर



यो खण्ड चार अर्ब सात करोड ३५ लाखमा ठेक्का लागेको हो । यस क्षेत्रमा इटहरीको मुख्य बजार क्षेत्र पर्छ ।

बजार क्षेत्रमा माटो भरेर वारपार गर्ने सडक बनाउने वा ओभर पास बनाउने भन्ने विषयमा विवाद शुरु भएपछि काम थप अनिश्चित भएको छ । तेस्रो खण्डमा चार महिना थप २ प्रतिशत मात्र वित्तीय प्रगति भएको छ ।

पश्चिमखण्ड आयोजनाका सूचना अधिकृत पल्लव श्रेष्ठका अनुसार पश्चिम खण्डमा पर्ने तीन सय मिटर लामा तीनवटा पुलहरूको पाँचौं खण्डमा अलग्गै ठेक्का लागेको छ । पूलतर्फ हालसम्म २२ प्रतिशत भौतिक र १४ दशमलव ५ प्रतिशत वित्तीय प्रगति भएको छ । पश्चिम खण्डका तीन वटा खोला रतुवा, बक्राहा र लोहन्द्रामा तीन सय मिटर लामा पुल निर्माण भइरहेका छन् । पुल निर्माणको काम पूर्वी खण्ड कै निर्माण कम्पनीले गरिरहेको सूचना अधिकृत श्रेष्ठले बताए । उनका अनुसार तीन वटा पुल ५ अर्ब ६५ करोड २६ लाख रुपैयाँमा ठेक्का लागेको छ । पूर्वी खण्डमा पुल निर्माणको काम कोभेक-सिआरएफजी-तुड्दी जेभीले गरिरहेका छन् भने सडक इभरस्कोन-कालिका जेभीले निर्माण गरिरहेका छन् ।

पश्चिम खण्डको सडकको दुबै प्याकेजको काम सिआरएफजी-तुड्दी जेभीले गरिरहेका छन् । मुख्य शहरी क्षेत्रमा ५० मिटरको सडक बन्ने भएकोले ति क्षेत्रमा रहेका घर टहराका बरण्डा, रेलिङ लगायत हटाउन (साइट क्लियरेन्स) बाँकी रहेको छ ।

टहरा हटाउन जेठ २२ गते जिल्ला प्रशासन कार्यालय मोरङले १५ दिने सार्वजनिक सूचना निकाले पनि हालसम्म कसैले टहरा हटाएका छैनन् । १२४ घरधनीका आंशिक रूपमा घरमा क्षति पुग्ने देखिएको छ । तर घरधनी, नगरपालिका, जिल्ला प्रशासन कार्यालय सुनसरी र सडक आयोजनाबीच हालसम्म के गर्ने भन्ने विषयमा निर्णय भइसकेको छैन ।

यता इटहरी उपमहानगरपालिकाका प्रवक्ता दिवस पोखेलले एसियाली विकास बैंकको सहयोगमा निर्माणाधीन देशको गौरवको आयोजनालाई यो वा त्यो बहानामा रोक्न नमिल्ने बताए । उनले केही दिनयता सडक क्षेत्रमा परेका संरचना हटाउने काम शुरु भइसकेको बताए । केही उपभोक्ताले केही समय माग्नुभएको छ । ढिलो हुनसक्ला तर, यही कारणले निर्माणको काम नरोकिने उनको भनाइ छ । उनका अनुसार माटो भरेर सडक बनाउने गरी डीपीआर पास भइसकेकोले त्यसलाई सुधार गर्न प्रयत्न भइरहेको छ । मुख्यमन्त्री र प्रधानमन्त्रीलाई समेत ज्ञापन पत्र बुझाइ सकिएको बताउँदै उनले ओभरपास सडक नगरवासीको माग भए पनि डीपीआर परिवर्तन गर्न सकिने नसकिने टुङ्गो नलागेको जानकारी दिए ।

काँकरभिट्टा-लौकही सडकखण्ड अन्तर्गतका सबै प्याकेजको काम २०८३ कात्तिकमा सम्पन्न गर्नुपर्ने छ । काँकरभिट्टा-लौकही सडक आयोजनाले समयमा बिद्युत पोल नहटाइएका कारण पनि सडक निर्माणको काम सन्तोष जनक रुपमा गर्न नसकिएको आयोजना पूर्वी खण्ड प्रमुख सुनिलबाबु पन्तले बताएका छन् । पहिलो खण्डमा १० अर्ब ६ करोड रुपैयाँको लागतमा सडक निर्माणाधीन रहेको छ भने ५ अरव ९७ करोडको लागतमा तीन वटा ठूला पुल निर्माणाधीन छन् । निन्दा, बिरीङ र कन्काई पुलका लागि मात्रै ५ अर्व ९७ करोड रुपैयाँ बजेट छुट्टिएको छ । पुल निर्माणको काम १८ दशमलव ११ प्रतिशत सकिएको बताइएको छ ।

## बलात्कारपछि हत्या, काका पक्राउ

**मोरङ, असार १५।** मोरङमा एक ७ वर्षीया बालिकाको बलात्कारपछि हत्या गरेको आरोपमा एक जना युवक पक्राउ परेका छन् ।

२२ वर्षीय पुरुष बालिकाकै काका नाता पर्ने व्यक्तिलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जानकारी दिएको छ ।

प्रहरी नायब उपरीक्षक कोपिला चुडालका अनुसार शनिबार बिहान करिब ४:४५ बजे जिल्लाको धनपालथान गाउँपालिका वडा नम्बर ५ रङपुर वैरियास्थित दुर्गा आधारभूत विद्यालय नजिक ती बालिकाको शव फेला परेको थियो । उनको शरीरमा चोटपटक पनि देखिएको थियो ।

बालिका राति आमाबुबासँगै सुतेकी थिइन् । तर, बिहान करिब ३ बजेतिर अभिभावकले आफूहरूसँग छोरी नभएको थाहा पाएका थिए । त्यसपछि उनीहरूले प्रहरीमा खबर गरेका थिए । घटनाबारे प्रहरीको प्रारम्भिक अनुसन्धानको क्रममा बालिकालाई जबरजस्ती करणीपछि हत्या गरेर उक्त ठाउँमा फालेको खुलेको नायब उपरीक्षक चुडालले बताइन् ।

अनुसन्धानपछि प्रहरीले काका नाता पर्ने ती युवकलाई पक्राउ गरेको उनको भनाइ छ । उनलाई ज्यान सम्बन्धी कसुर (कर्तव्य ज्यान) र हाडनाता करणी सम्बन्धी मुद्दामा मोरङ जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ ।

## स्रोत नखुलेको रकमसहित पक्राउ

**महोत्तरी, असार १५।** सम्सी गाउँपालिका-४ भेटपुर पछवाडी टोलस्थित सडकबाट स्रोत नखुलेको नगद ३ लाख ७३ हजार नेपाली रूपैयाँ र सात हजार भारतीय रूपैयाँसहित दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा रामगोपालपुर नगरपालिका-७ बस्ने ३६ वर्षीय जमसेद अन्सारी र ४४ वर्षीय दुखा अन्सारी रहेका छन् ।

प्रहरी चौकी गैंडाभेटपुरबाट खटिएको प्रहरीले भारतको कन्हमा बोर्डरबाट नेपालतर्फ आउँदै गरेको बीआर ३० एपी १५११ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त नगद सहित फेला पारी पक्राउ गरेको हो ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय : दमक, झापा
फोन: ०२३-५७४७४९/६१०

को

**शाखा कार्यालय दमक, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/०३/१६ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय दमक, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि यस बैंकबाट सम्पूर्ण कर्जा चुक्ता गर्न आउने ३५ (पैंतीस) दिने सार्वजनिक सूचना बिभिन्न मिति २०८२/०२/०५ गतेको नेपाल समाचार पत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**ऋणीको विवरण**

हर्क राज लिङदेनको बुहारी, धर्मेन्द्र प्रसाद लिङदेनको पत्नी, झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **पूष्पा लिम्बू (ना.प्र.प.नं.: ८५२४४६१८, झापा)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कुल मान लिङदेनको नाति, हर्क राज लिङदेनको छोरा, झापा जिल्ला, गोलधाप गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **धर्मेन्द्र प्रसाद लिङदेन (ना.प्र.प.नं.: ७६१५३०२७, झापा)**

२. हर्क राज लिङदेनको नाति, धर्मेन्द्र प्रसाद लिङदेनको छोरा, झापा जिल्ला, विर्तामोड गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **अर्थहाङ लिङदेन (ना.प्र.प.नं.: ०४-०१-७४-०६०५८, झापा)**

३. हर्क राज लिङदेनको नातिनी, धर्मेन्द्र प्रसाद लिङदेनको छोरी, झापा जिल्ला, चारपाने गा.वि.स./न.पा. वडा नं. १, स्थित स्थायी ठेगाना भएको **विजयता लिङदेन (ना.प्र.प.नं.: ०४१०१३/१७६०, झापा)**

४. बिर बहादुर लिम्बुको बुहारी, धन बहादुर लिम्बुको पत्नी, झापा जिल्ला, शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **सरस्वती लिम्बुनी (ना.प्र.प.नं.: ८५२४३२६०, झापा)**

**धितोमा रहेको सम्पतिको विवरण**

**पूष्पा लिम्बूको** नाममा मालपोत कार्यालय दमक, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ४ (हाल शिवसताक्षी न.पा.नं ७) स्थित कि.नं. ७७ को क्षेत्रफल १-१५-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०३/१६ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय दमक, झापाबाट प्राप्त गर्न सकिनेछ ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति मिति २०८२/०३/३० गते सोमबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय दमक, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८२/०३/३१ गते मंगलवार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय दमक, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय दमक, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय दमक, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नोट: यो सूचना मिति २०८२/०३/१६ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ।

**सूचना**

यस फोरेक्स डिष्ट्रिव्यूटर्स प्रा.लि. बाट बागमती प्रदेश ०१-०३०च९६८० नम्बर (चेसिस नं. LS6C8EO4XRE367597) को KYC V5D EV सिल्भर कलरको खरिद सम्झौता गर्नुभएको सम्बन्धित आधिकारिक व्यक्तिले यो सूचना प्रकाशित मितिले ७ (सात) दिनभित्र यस कम्पनीमा उपस्थित भइ सवारी साधन हरहिसाब फछ्र्यौट गरी लैजानका लागि सूचित गरिन्छ ।

अन्यथा अन्य पार्टीलाई विक्री वितरण गरी जाने व्यहोरा अवगत गराइन्छ ।

**फोरेक्स डिष्ट्रिव्यूटर्स प्रा.लि.**
**बिर्तामोड**

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित
उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I
Web: birtamodeeyehospital.org



भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
वरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
वरिष्ठ मानसिक रोग विशेषज्ञ

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
वरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग विशेषज्ञ

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४,झापा
०२३-५९११७४, ९८२०४९११७४

ADMISSIONS OPEN
GRADE XI
SCIENCE | MANAGEMENT | COMPUTER SCIENCE
TRUSTED BY PARENTS, PREFERRED BY TOPPERS
THE ONLY INSTITUTION WITH 100% PASS RESULT IN THE TOWN
HURRY UP! LIMITED SEATS AVIALABLE
- SEASONED, QUALIFIED & EXPERIENCED FACULTY AND MANAGEMENT
- NATIONAL AND INTERNATIONAL EXPOSURE OPPORTUNITIES
- WELL-EQUIPPED SCIENCE LABS AND RICH LIBRARY RESOURCES
- STATE-OF-THE-ART MINI OLYMPIC-SIZED SWIMMING POOL
- UP TO 100% SCHOLARSHIP FOR SCHOOL TOPPERS



LITTLE FLOWERS'ENGLISH SCHOOL
BIRTAMODE-4 JHAPA
023-530172/530767 Info@lfs.edu.np
CLASSES STARTS FROM 26TH ASAR,2082
Celebrating 45 Years of Excellence

# क्रमागत : कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

९१. ऋणीको नाम : देवकी मलाहा,पिता/पतिको नाम : सुरेश खतवे, बाजे/ससुराको नाम : दशन खतवे, स्थायी ठेगाना : इटहरी-७, सुनसरी, ना.प्र.नं. : ०६ ३००५/४११५, कर्जाको शीर्षक : साधारण

९२.ऋणीको नाम : आशा देवी थरुनी, पिता/पतिको नाम : सदानन्द चौधरी, बाजे/ससुराको नाम : झवरु दाश चौधरी, स्थायी ठेगाना : सिमरिया-८, सुनसरी, ना.प्र.नं. : २६८०१/२८८०१, कर्जाकोशीर्षक : साधारण धनजमानीको नाम : सुजित राई, पिता/पतिको नाम : ईन्द्र नारायण राई, बाजे/ससुराको नाम : पदम वहादुर राई, स्थायी ठेगाना : वाहुनी-९, मोरङ्ग, ना.प्र.नं. : ०५३०३५/१५१३

९३.ऋणीको नाम : नैनवती खवास, पिता/पतिको नाम : फागुलाल खवास, बाजे/ससुराको नाम : झडरु खवास, स्थायी ठेगाना : हरैचा-७, मोरङ्ग, ना.प्र.नं. : ६/४४६५, कर्जाको शीर्षक : साधारण

९४.ऋणीको नाम : देवी आचार्य, पिता/पतिको नाम : कुमार आचार्य, बाजे/ससुराको नाम : राम प्रसाद आचार्य, स्थायी ठेगाना : पवटी-३, दोलखा, ना.प्र.नं. : २२-०१-७१-०२५७५, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : कुमारी लिम्वु, पिता/पतिको नाम : रुपलाल लिम्वु, बाजे/ससुराको नाम : कुमार लिम्वु, स्थायी ठेगाना : वेलवारी-४, मोरङ्ग, ना.प्र.नं. : ०५१०३७/६५८

९५.ऋणीको नाम : मन्जु भुजेल, पिता/पतिको नाम : सागर भुजेल, बाजे/ससुराको नाम : पदम बहादुर भुजेल, स्थायी ठेगाना : कानेपोखरी-२, मोरङ्ग, ना.प्र.नं. : ०५-०२-७५-०४८७५ धनजमानीको नाम : सागर भुजेल, पिता/पतिको नाम : पदम बहादुर भुजेल, बाजे/ससुराको नाम : फत बहादुर भुजेल, स्थायी ठेगाना : केरौन-७, मोरङ्ग, ना.प्र.नं. : ११८६

९६. ऋणीको नाम : सयकला हजारी, पिता/पतिको नाम : श्रीलाल हजारी, बाजे/ससुराको नाम : झुरन हजारी, स्थायी ठेगाना : शि.वडहारा-३, मोरङ्ग, ना.प्र.नं. : ब. ०५३०५८/२३९, कर्जाको शीर्षक : साधारण

९७. ऋणीको नाम : अनिता देवी खाँ थारु, पिता/पतिको नामःमनोज कुमार खाँ थारु, बाजे/ससुराको नाम : छेवधरनु खाँ थारु, स्थायी ठेगाना :शि.वडहारा-३, मोरङ्ग, ना.प्र.नं. : ब. ०५३०५८/१४, कर्जाको शीर्षक : साधारण

९८.ऋणीको नाम : सन्जु कुमारी चौधरी, पिता/पतिको नाम : दिलिप कुमार खाँ थारु, बाजे/ससुराको नाम : बतरु खाँ थारु, स्थायी ठेगाना : खनार-८, सुनसरी, ना.प्र.नं. : ०६३००६/६३७, कर्जाको शीर्षक : साधारण

९९. ऋणीको नाम : जकरन मियानी, पिता/पतिको नाम : जहरली मियाँ,बाजे/ससुराको नाम : कैलु मियाँ, स्थायी ठेगाना : इटहरी-९, सुनसरी, ना.प्र.नं. : १४३४/३६२०, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम : मो. अक्तर आलम, पिता/पतिको नाम : जहरली मियाँ, बाजे/ससुराको नाम : कैलु मियाँ, स्थायी ठेगाना : इटहरी-९, सुनसरी, ना.प्र.नं. : ०६-०१-७१-०८१८३
२. धनजमानीको नाम : जुवेदा खातुन, पिता/पतिको नाम : मो.अक्तर आलम, बाजे/ससुराको नाम : जहरली मियाँ, स्थायी ठेगाना : इटहरी-१४,सुनसरी, ना.प्र.नं. :०६-०१-७९-०५२७८

१००. ऋणीको नाम : राजो देवी चौधरी, पिता/पतिको नाम : तिलकराम चौधरी, बाजे/ससुराको नाम : मनुस चौधरी, स्थायी ठेगाना : दुहवी-भलुवा-२,सुनसरी, ना.प्र.नं. : ०६-०१-७१-१२१५३, कर्जाको शीर्षक :साधारण

१०१.ऋणीको नाम : शसि कु.चौदारी, पिता/पतिको नाम : दुखाराम चौधरी, बाजे/ससुराको नाम : श्रीराम चौधरी, स्थायी ठेगाना : दुलारी-३, मोरङ्ग, ना.प्र.नं. : ब ०५३०२६/१११, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : दुखाराम चौधरी, पिता/पतिको नाम : श्रीराम चौधरी, बाजे/ससुराको नाम : लोचन चौधरी, स्थायी ठेगाना : ईटहरी-७, सुनसरी, ना.प्र.नं. : ०६ ८५९६७/८६९६७

१०२.ऋणीको नाम : शुस्कला भगत, पिता/पतिको नाम :सुरज कुमार भगत, बाजे/ससुराको नाम : जुलसा भगत, स्थायी ठेगाना : सुन्दरहरैचा-२, मोरङ्ग, ना.प्र.नं. : ०५-०१-७३-११५३५, कर्जाको शीर्षक :साधारण

१०३.ऋणीको नाम : मिरा कुमारी साह, पिता/पतिको नाम : राकेश साह, बाजे/ससुराको नाम : जय नारायण साह, स्थायी ठेगाना : भद्रपुर-९,झापा, ना.प्र.नं. : ०४३०१५/३१७, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : राहुल सिंह, पिता/पतिको नाम : रामचन्द्र सिं राजपुत, बाजे/ससुराको नाम : साहेव सिंह, स्थायी ठेगाना : वसतपुर-४, बारा, ना.प्र.नं. : ३३-०१-७१-००९१३

१०४.ऋणीको नाम : रमिला कोईराला (निरौला), पिता/पतिको नाम : रोहित कुमार निरौला, बाजे/ससुराको नाम : तेज वहादुर निरौला, स्थायी ठेगाना : माक्पा-९, खोटाङ्ग, ना.प्र.नं. : १२-०१-७३-००७४०, कर्जाको शीर्षक : साधारण

१०५.ऋणीको नाम : पविता देवी खाँ थारु, पिता/पतिको नाम : घनश्याम खाँ थारु, बाजे/ससुराको नाम :वटरु खाँ थारु, स्थायी ठेगाना : शि.व.-४, मोरङ्ग, ना.प्र.नं..: ६/१०८४१, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : करुणा कुमारी खाँ, पिता/पतिको नाम : घनश्याम खाँ थारु, बाजे/ससुराको नाम : वटरु खाँ थारु, स्थायी ठेगाना : बुढीगंगा-७,मोरङ्ग, ना.प्र.नं. : ०५-०१-७९-००१८४

१०६.ऋणीको नाम : जुलुखा खातुन, पिता/पतिको नाम : गुलाव मोहमद, बाजे/ससुराको नाम : हसेनी मिया, स्थायी ठेगाना : महादेवा-३, सप्तरी, ना.प्र.नं. : १६-०१-७४-०६२४५ धनजमानीको नाम : खैरुन खातुन, पिता/पतिको नाम : मनु महमद बाजे/ससुराको नाम : मोहमद मतियार, स्थायी ठेगाना : सुरुङ्गा-२, झापा, ना.प्र.नं. : ०४३०१०/३४०

१०७. ऋणीको नाम : ङिमादिकी शेर्पा, पिता/पतिको नाम : तेन्जीङ्ग शेर्पा, बाजे/ससुराको नाम :पेम्वा छिरिङ्ग शेर्पा, स्थायी ठेगाना : भुकिमा-९, ताप्लेजुङ्ग, ना.प्र.नं. :०१-०२-०१२/३१, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम :तेन्जीङ्ग शेर्पा, पिता/पत्निको नाम :पेम्वा छिरिङ्ग शेर्पा, स्थायी ठेगाना : शान्तिनगर-१, झापा, ना.प्र.नं. : ०४३००२/१४७३

१०८.ऋणीको नाम : रश्मी पौडेल विश्वकर्मा, पिता/पतिको नामः चुडामणी विश्वकर्मा, बाजे/ससुराको नामः कुल ब.विश्वकर्मा, स्थायी ठेगाना : शान्तिनगर-९, झापा, ना.प्र.नं. : ०४-०१-७०-१९६७८, कर्जाको शीर्षक : साधारण

१०९.ऋणीको नाम : गिता कुमारी राई, पिता/पतिको नामः धिरेन्द्र कुमार राई, बाजे/ससुराको नाम : चित्र ब. राई, स्थायी ठेगाना :शान्तिनगर-९,झापा, ना.प्र.नं.: ८५११२००५
१.धनजमानीको नाम :हुकुम लाल राई, पिता/पतिको नाम : चित्र बहादुर राई, स्थायी ठेगाना : बुद्धशान्ति-६, झापा, ना.प्र.नं.: ८५०११९७३
२. धनजमानीको नाम :पवित्रा राई, पिता/पतिको नाम :मनोज राई, स्थायी ठेगाना : बुधबारे-१, झापा, ना.प्र.नं. : ०४१००८/२०९५

११०.ऋणीको नाम :तारा सार्की रोक्का, पिता/पतिको नामःराज कुमार रोक्का, बाजे/ससुराको नाम : धन बहादुर रोकका, स्थायी ठेगाना :अर्जुनधारा-११, झापा, ना.प्र.नं. : ०४-०१-७६-०५९५२, कर्जाको शीर्षक :साधारण

१११.ऋणीको नाम : सुनिता दर्जी, पिता/पतिको नामःरमेश दर्जी, बाजे/ससुराको नाम :मान बहादुर दर्जी, स्थायी ठेगाना :धाइजन-६,झापा, ना.प्र.नं. : ३०४४६४७, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम :रमेश दर्जी, पिता/पतिको नाम :मान बहादुर दर्जी, बाजे/ससुराको नाम : दल बहादुर दर्जी, स्थायी ठेगाना : धाईजन-६,झापा, ना.प्र.नं. : ३००४४७६७
२. धनजमानीको नाम :विशाल दर्जी, पिता/पतिको नाम :रमेश दर्जी, बाजे/ससुराको नाम :मान बहादुर दर्जी, स्थायी ठेगाना : धाईजन-६, झापा, ना.प्र.नं. : ०४-०१-७३-०२७६५

११२. ऋणीको नाम :बाटुली राजवंशी, पिता/पतिको नाम : बुद्धीमान राजवंशी, बाजे/ससुराको नाम :लेला राजवंशी, स्थायी ठेगाना :धाईजन-६,झापा, ना.प्र.नं. : ३००४५३०, कर्जाको शीर्षक : साधारण

११३.ऋणीको नाम :सुनिता विश्वकर्मा, पिता/पतिको नामःप्रकाश विश्वकर्मा, बाजे/ससुराको नाम :हर्क बहादुर विश्वकर्मा, स्थायी ठेगाना : मेचीनगर-४, झापा, ना.प्र.नं. : ०४-०१-७१-०१६४४, कर्जाको शीर्षक : साधारण

११४.ऋणीको नाम :तुलसा ढकाल, पिता/पतिको नाम : सुदाम्सु आङदेम्बे, बाजे/ससुराको नाम :सुख बहादुर आङ्देम्बे, स्थायी ठेगाना : जुरोपानी-५,झापा, ना.प्र.नं. : ०४२०४७/११५६, कर्जाको शीर्षक : साधारण

११५. ऋणीको नाम :मुना दर्जी, पिता/पतिको नामःश्याम दर्जी, बाजे/ससुराको नाम :तारामान दर्जी, स्थायी ठेगाना : अर्जुनधारा-११, झापा, ना.प्र.नं. :०४३०१०/६०६, कर्जाको शीर्षक : साधारण/मौसमी

११६.ऋणीको नाम : टिका देवी योङहाङ, पिता/पतिको नाम : पदम बहादुर योङहाङ, बाजे/ससुराको नाम : मेघ ध्वज योङहाङ, स्थायी ठेगाना : शिवसताक्षी-७, झापा, ना.प्र.नं. : ८५२४१४२०, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : आश्मा योङहाङ, पिता/पत्निको नाम : पदमबहादुर योङहाङ्ग, स्थायी ठेगाना : शिवसताक्षी-७, झापा, ना.प्र.नं. : ०४-०२-७४-०५४२९

११७. ऋणीको नाम : रत्न कुमारी राई, पिता/पतिको नाम : जीत बहादुर राई, बाजे/ससुराको नाम :रेशम राई, स्थायी ठेगाना : बुधबारे-८, झापा, ना.प्र.नं. :४०४१६०६, कर्जाको शीर्षक : साधारण

११८.ऋणीको नाम : प्रेम शिवा, पिता/पतिको नामः राम बहादुर दर्जी, बाजे/ससुराको नाम :कुवीराम दर्जी, स्थायी ठेगाना : शान्तिनगर-१, झापा, ना.प्र.नं. : ०४१००२/१५१८, कर्जाको शीर्षक :
१. धनजमानीको नाम :चन्द्र बर्देवा दमाई, पिता/पतिको नाम :प्रेम शिवा, बाजे/ससुराको नामःराम बहादुर दर्जी, स्थायी ठेगाना : शान्तिनगर-१, झापा, ना.प्र.नं. : ०४-०१-७२-०४४३१
२.धनजमानीको नाम :राजेन्द्र दर्जी, पिता/पतिको नाम : राम बहादुर दर्जी, बाजे/ससुराको नामः कुवीराम दर्जी, स्थायी ठेगाना : बुद्धशान्ती-४, झापा, ना.प्र.नं. : ८५०१४९४
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : राम बहादुर दर्जी, जग्गाको ठेगाना : शान्तिनगर-१, झापा, कित्ता नं. : १८२२, जग्गाको क्षेत्रफल : ०-३-०-०

११९. ऋणीको नाम : सन्जु मेयोङवा, पिता/पतिको नाम : मानध्वज मेयोङवा, बाजे/ससुराको नाम : देउमान मेयोङवा, स्थायी ठेगाना : नांगिन-५, पाचँथर, ना.प्र.नं. : ०२१०१५/८१९, कर्जाको शीर्षक : साधारण

१२०. ऋणीको नाम : विमला गदराज विश्वकर्मा, पिता/पतिको नाम : शेर ब. विश्वकर्मा, बाजे/ससुराको नाम :कृष्ण राम बिश्वकर्मा, स्थायी ठेगाना : बुधबारे-६,झापा, ना.प्र.नं.: ०४-०१-७३-००५२८, कर्जाको शीर्षक : साधारण

१२१.ऋणीको नाम : ईन्द्रकला तामाङ, पिता/पतिको नामःसुवधन राई, बाजे/ससुराको नाम :राम प्रसाद राई, स्थायी ठेगाना :मिक्लाजुङ-६,मोरङ्ग, ना.प्र.नं. :०५-०२-७६-०५७७५, कर्जाको शीर्षक : साधारण

१२२.ऋणीको नाम : तारा दर्जी कार्की डोली, पिता/पतिको नामःझलक कुमार दर्जी, बाजे/ससुराको नाम :मन बहादुर दर्जी, स्थायी ठेगाना : भद्रपुर-२, झापा, ना.प्र.नं. : ०४३०१०/२०१२, कर्जाको शीर्षक : साधारण

१२३. ऋणीको नाम :इन कुमारी मेचे, पिता/पतिको नामःदुखुलाल मेचे, बाजे/ ससुराको नाम :फागुलाल मेचे, स्थायी ठेगाना :धाईजन-३, झापा, ना.प्र.नं. : ३००४१२९३, कर्जाको शीर्षकः साधारण

१२४.ऋणीको नाम :दिल कुमारी मेचे, पिता/पतिको नामःमन्त मेचे, बाजे/ससुराको नाम :हालुङ मेचे, स्थायी ठेगाना : धाईजन-१, झापा, ना.प्र.नं. : ३००४४२८७, कर्जाको शीर्षकः साधारण

१२५.ऋणीको नाम :विष्णुमाया सुवेदी, पिता/पतिको नामःओम बहादुर सुवेदी, बाजे/ससुराको नाम :ईन्द्र बहादुर सुवेदी, स्थायी ठेगाना : गरामनी-९, झापा, ना.प्र.नं. : ०४१०१४/१२९७, कर्जाको शीर्षक : साधारण

१२६.ऋणीको नाम :फुल कुमारी चौधरी, पिता/पतिको नामःसन्तलाल चौधरी, बाजे/ससुराको नाम : स्व सुर्ज चौधरी, स्थायी ठेगाना : शनिश्चरे-६ , झापा, ना.प्र.नं. : ८२३१५९३२, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम :श्याम चौधरी, पिता/पतिको नाम : सन्तलाल चौधरी, बाजे/ससुराको नाम : स्व सुर्ज चौधरी, स्थायी ठेगाना : मे.न.पा-४, झापा, ना.प्र.नं. : ०४३००३/२९२९
२. धनजमानीको नाम :रिता चौधरी, पिता/पतिको नाम : तेज नारायण चौधरी, स्थायी ठेगाना : भद्रपुर-१०, झापा, ना.प्र.नं. : ०४-०१-७४-०६५०५

१२७.ऋणीको नाम :मिरा तिवारी, पिता/पतिको नामःतारा पोखेल, बाजे/ससुराको नाम :जिवनाथ पोखेल, स्थायी ठेगाना : मे.न.पा.-६, झापा, ना.प्र.नं. : ०४३००३/२९५१, कर्जाको शीर्षक : साधारण

१२८. ऋणीको नाम :सिता दर्जी, पिता/पतिको नामःभरत दर्जी, बाजे/ससुराको नाम : तारामान दर्जी, स्थायी ठेगाना : गरामनी-५, झापा, ना.प्र.नं.: ०२/२५५६, कर्जाको शीर्षक : साधारण

१२९.ऋणीको नाम :पुण्य माया लिङदेन,पिता/पतिको नामःचन्द्रहाङ लिङदेन, बाजे/ससुराको नाम : रणबहादुर लिङदेन, स्थायी ठेगाना : हल्दीबारी-१, झापा, ना.प्र.नं. :७६१५९१००, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : अन्जन लिङदेन, पिता/पतिको नाम : चन्द्रहाङ लिङदेन, बाजे/ससुराको नाम :रण बहादुर लिङदेन, स्थायी ठेगाना : हल्दीबारी-१, झापा, ना.प्र.नं. : ०४-०१-७४-१४७५४

१३०.ऋणीको नाम : चित्र कुमारी आचार्य, पिता/पतिको नाम : गोपाल पौडयाल, बाजे/ससुराको नाम :कर्ण बहादुर पौडयाल, स्थायी ठेगाना : शनिश्चरे-९, झापा, ना.प्र.नं. :८५३१९१८८, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम :विसाल पौडेल, पिता/पतिको नाम : गोपाल पौडयाल, बाजे/ससुराको नामः कर्ण ब. पौडयाल, स्थायी ठेगाना : शनिश्चरे-९, झापा, ना.प्र.नं. : ०४-०१-७३-०८२८६

१३१.ऋणीको नाम :दिनानाथ शिवाकोटी, पिता/पतिको नामः गंगा प्रसाद शिवाकोटी, बाजे/ससुराको नाम :हरी प्रसाद शिवाकोटी, स्थायी ठेगाना : बुधबारे-५, झापा, ना.प्र.नं. :४०४१, ८८३०
१. धनजमानीको नाम :अम्बिका खरेल, पिता/पतिको नाम : दिनानाथ शिवाकोटी, बाजे/ससुराको नामः गंगा प्रसाद शिवाकोटी, स्थायी ठेगाना : अर्जुनधारा-९, झापा, ना.प्र.नं. : ९१५२४२२७
२. धनजमानीको नामःभरत कुमार शिवाकोटी, पिता/पतिको नाम : गंगा प्रसाद शिवाकोटी, बाजे/ससुराको नाम : हरी प्रसाद शिवाकोटी, स्थायी ठेगाना : बुधबारे-५,झापा, ना.प्र.नं. : ४०४१, ८८३१
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : दिनानाथ शिवाकोटी, जग्गाको ठेगाना : शनिश्चरे-३, झापा, कित्ता नं. : १८३१, जग्गाको क्षेत्रफल : ०-५-०-०

१३२.ऋणीको नाम : रेनुका सुब्वा,पिता/पतिको नामःसुरेन्द्र राई, बाजे/ससुराको नाम :कर्ण बहादुर राई, स्थायी ठेगाना : मेचीनगर-४,झापा, ना.प्र.नं. : ०४-०१-६९-०६७२७, कर्जाको शीर्षक : साधारण

१३३.ऋणीको नाम : कृष्णमाया दर्नाल,पिता/पतिको नामः बल बहादुर दर्नाल, बाजे/ससुराको नाम :धन बहादुर विश्वकर्मा, स्थायी ठेगाना : बुधबारे-९, झापा, ना.प्र.नं. : ०४३००८/४५७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सरस्वती वि.क., पिता/पतिको नाम : जिवन विश्वकर्मा, स्थायी ठेगाना : बुद्धशान्ति-३,झापा, ना.प्र.नं. : ०४-०१-७५-०८७४०

१३४.ऋणीको नाम : सिता खनाल, पिता/पतिको नामःत्रीलोचन अधिकारी, बाजे/ससुराको नाम : डम्बर प्रसाद अधिकारी, स्थायी ठेगाना :लुम्फाबुङ-७, पाँचथर, ना.प्र.नं. : ०२१०२०/९७४०, कर्जाको शीर्षक : साधारण

१३५. ऋणीको नाम :पार्वता उप्रेती, पिता/पतिको नामःराजन पौडयाल, बाजे/ससुराको नाम :हरी प्रसाद पौडयाल, स्थायी ठेगाना : डाँगीबारी-५, झापा, ना.प्र.नं. :०३/१०४६, कर्जाको शीर्षक : साधारण

१३६.ऋणीको नाम :लख्खी मेचे, पिता/पतिको नामःसेतो मेचे, बाजे/ससुराको नाम :फागु मेचे, स्थायी ठेगाना : धाईजन-३,झापा, ना.प्र.नं. : ४३००४/३०३, कर्जाको शीर्षक : साधारण

१३७.ऋणीको नाम :पार्वती रोक्का सार्की, पिता/पतिको नामःरमेश रोक्का सार्की, बाजे/ससुराको नाम : चन्द्र बहादुर सार्की, स्थायी ठेगाना : धाईजन-६, झापा, ना.प्र.नं. : ०४-०१-६९-०२८७९
१. धनजमानीको नाम :कृष्ण कुमारी सार्की, पिता/पतिको नाम : खड्क बहादुर सार्की, बाजे/ससुराको नाम :नेत्र बहादुर सार्की, स्थायी ठेगाना : धाईजन-६,झापा, ना.प्र.नं. : ३२३३,७९
२.धनजमानीको नाम :चन्द्र बहादुर सार्की, पिता/पतिको नाम :लेख विर सार्की, बाजे/ससुराको नाम :दलविर सार्की, स्थायी ठेगाना : मेचीनगर-१२, झापा, ना.प्र.नं. : ३००४३९६४

१३८.ऋणीको नाम :सुनिता विश्वकर्मा, पिता/पतिको नामःप्रकाश विश्वकर्मा, बाजे/ससुराको नाम :हर्क बहादुर विश्वकर्मा, स्थायी ठेगाना : मेचीनगर-४, झापा, ना.प्र.नं. : ०४-०१-७१-०१६४४

१३९.ऋणीको नाम :रोशनी कुगेनम्बा, पिता/पतिको नामःसुरेन्द्र लावती, बाजे/ससुराको नाम :चतुर झाङ लावती, स्थायी ठेगाना : लुम्फाबुङ-१, पाँचथर, ना.प्र.नं. : ०२-०१-७०-००६०५

१४०.ऋणीको नाम :मुना मगर, पिता/पतिको नामः डम्बर बहादुर मगर, बाजे/ससुराको नाम :पदम बहादुर आले मगर, स्थायी ठेगाना : बुधबारे-७, झापा, ना.प्र.नं. : ०४३००८/८६६
१. धनजमानीको नाम :रवि आले मगर, पिता/पतिको नाम : डम्बर बहादुर आले मगर, बाजे/ससुराको नामःपदम बहादुर आले मगर, स्थायी ठेगाना : बुद्धशान्ति-३, झापा, ना.प्र.नं. : ०४-०१-७६-०६५७७
२. धनजमानीको नाम :देविमाया तामाङ्ग, पिता/पतिको नाम : ईन्द्र ब. तामाङ्ग, स्थायी ठेगाना : बाहुनडाँगी-८, झापा, ना.प्र.नं. : ५३११७४०

१४१. ऋणीको नाम : हिना वेगम, पिता/पतिको नामःरोमन महमद, बाजे/ससुराको नाम :मो. कुरवान, स्थायी ठेगाना : बाहृदशी-५, झापा, ना.प्र.नं. : ०४१०२१/५०१ धनजमानीको नाम :रोमन महमद, पिता/पतिको नाम :मो. कुरवान, बाजे/ससुराको नामः अकालु महमद, स्थायी ठेगाना : सुरुङ्गा-३, सप्तरी, ना.प्र.नं. : १६-०१-७४-०६७४५

१४२.ऋणीको नाम : कौशिला आङदेम्बे, पिता/पतिको नाम : आईन्द्र राज लिम्बु, बाजे/ससुराको नाम :छविलाल लिम्बु, स्थायी ठेगाना : नवमीडाडा-८, पाँचथर, ना.प्र.नं. : ०२३०२२/३४३ धनजमानीको नाम : आईन्द्र राज लिम्बु, पिता/पतिको नाम : छविलाल लिम्बु, स्थायी ठेगाना : मे.न.पा.-४, झापा, ना.प्र.नं. : ०४१००३/८८०

१४३.ऋणीको नाम : सलिमा खातुन, पिता/पतिको नाम : महमद अलादीन, बाजे/ससुराको नाम :महमद खलिक, स्थायी ठेगाना : बुधबारे-९,झापा, ना.प्र.नं. : ०४३००८/२५५ धनजमानीको नाम : महमद अलादीन, पिता/पतिको नाम : महमद खलिक, बाजे/ससुराको नामःआफिजोदीनमहमद, स्थायी ठेगाना : शनिश्चरे-२, झापा, ना.प्र.नं. :०४३०१०/२९४

१४४. ऋणीको नाम : दिनेश दर्जी, पिता/पतिको नाम : विर बहादुर दर्जी, बाजे/ससुराको नाम : तिल विक्रम दर्जी, स्थायी ठेगाना : गौरीगन्ज-१, झापा, ना.प्र.नं. : ५७०९१६४७, कर्जाको शीर्षक : व्यक्तिगत
१. धनजमानीको नाम : रुपा दर्जी कोच, पिता/पतिको नाम : दिनेश दर्जी, बाजे/ससुराको नाम : विर बहादुर दर्जी, स्थायी ठेगाना : महाभारा-४, झापा, ना.प्र.नं. : ०४३०३९/७७१
२. धनजमानीको नाम : कुमारी दर्जी, पिता/पतिको नाम : केशर कुमार दर्जी, बाजे/ससुराको नाम : हस्त बहादुर दर्जी, स्थायी ठेगाना : सतासीधाम-१, झापा, ना.प्र.नं. : ०४३०३२/९८
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : दिनेश दर्जी, जग्गाको ठेगाना : महाभारा-५, झापा, कित्ता नं. : ८४, जग्गाको क्षेत्रफल : ०-२-०-० (६७७.२८ व.मी.)

१४५. ऋणीको नाम : अनिल दर्जी, पिता/पतिको नाम : खड्क बहादुर दर्जी, बाजे/ससुराको नाम : मन बहादुर दर्जी, स्थायी ठेगाना : मेचीनगर(४, झापा, ना.प्र.नं. : ०४३००३/२५७८, कर्जाको शीर्षक : व्यक्तिगत
१. धनजमानीको नाम : अम्बिका दर्जी, पिता/पतिको नाम : खड्क बहादुर दर्जी, बाजे/ससुराको नाम : मन बहादुर दर्जी, स्थायी ठेगाना : धुलावारी-३, झापा, ना.प्र.नं. : ०४३७७११०७३
२. धनजमानीको नाम : विशाल महरा, पिता/पतिको नाम : खड्क बहादुर दर्जी, बाजे/ससुराको नाम : मन बहादुर दर्जी, स्थायी ठेगाना : मेचीनगर-४, झापा, ना.प्र.नं. : ०४-०१-७१-१२७२०
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : अनिल दर्जी, जग्गाको ठेगाना : धुलावारी-३, झापा, कित्ता नं. : २३८८, क्षेत्रफल : ०-१-०-० (३३८.६३ व.मी.)

**शाखा कार्यालय : कटारी, उदयपुर**

१४६.ऋणीको नाम :आशाराम कुमर, पिता/पतिको नाम : ब्रम्हा कुमर, बाजे/ससुराकोनाम :कछडिया कुमर दनुवार, स्थायी ठेगाना : दुधौली-११, सिन्धुली, ना.प्र.नं. :३१६८६, कर्जाको शीर्षक : व्यक्तिगत
१. एकलजमानीको नाम :जितेन्द्र कुमर दनुवार, पिता/पतिको नाम :रविलाल कुमर, बाजे/ससुराकोनाम : अमृत कुमर, स्थायी ठेगाना : टांडी-४, सिन्धुली, ना.प्र.नं. : ५८१/४८७१७
२.एकलजमानीको नाम :अशिया कुमर, पिता/पतिको नाम : आशाराम कुमर, बाजे/ससुराको नाम :ब्रम्हा कुमर, स्थायी ठेगाना :टांडी-४, सिन्धुली, ना.प्र.नं. : २०३०४६/७९६
धितोमा रहेको जग्गाको विवरण :
जग्गाधनीको नाम : ब्रम्हा कुमर, जग्गाको ठेगाना : टांडी-४, झापा, कित्ता नं. : ७, ८२५, जग्गाको क्षेत्रफल : ०-२-५-२ (७७०.२८ व.मी.), ०-०-१६-० (२७०.९१ व.मी.)

१४७.ऋणीको नाम :चित्र कुमारी वि.क., पिता/पतिको नाम : अम्वर बहादुर कामी, बाजे/ससुराको नाम : रंगे कामी, स्थायी ठेगाना :कटारी-७, उदयपुर, ना.प्र.नं. :१४-०२-७४-०२१६८, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम : अम्वर बहादुर कामी, पिता/पतिको नाम :रंगे कामी, स्थायी ठेगाना : लेखानी-९, उदयपुर, ना.प्र.नं. :५०८८४

१४८. ऋणीको नाम : संजिता कुमारी दनुवार, पिता/पतिको नाम :पेश लाल दनुवार, बाजे/ससुराको नाम : मकर बहादुर दनुवार, स्थायी ठेगाना :कटारी-७, उदयपुर, ना.प्र.नं. :१४-०२-७५-००४०४, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम :विजय कुमार दनुवार, पिता/पतिको नाम : मकर बहादुर दनुवार, स्थायी ठेगाना : रिस्कु-३, उदयपुर, ना.प्र.नं. :५७२६२

१४९.ऋणीको नाम :दोज कुमारी दमाई, पिता/पतिको नाम :एक बहादुर दमाई, बाजे/ससुराको नाम : बुधे दमाई, स्थायी ठेगाना :कटारी-५, उदयपुर, ना.प्र.नं. : १४-०२-७७-०२२४६, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम :एक बहादुर दमाई, पिता/पतिको नाम :बुधे दमाई, स्थायी ठेगाना : कटारी-९, उदयपुर, ना.प्र.नं. : १४१४१०३६/१०८१७१

१५०.ऋणीको नाम :अम्बीका गजमेर, पिता/पतिको नाम : सम्मर बहादुर विश्वकर्मा, बाजे/ससुराको नाम :वल बहादुर विश्वकर्मा, स्थायी ठेगाना : बर्रे-२, उदयपुर, ना.प्र.नं. : १४१४१०२६/१०३६१७, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम : सम्मर बहादुर विश्वकर्मा, पिता/पतिको नाम : वल बहादुर विश्वकर्मा, स्थायी ठेगाना : बर्रे-२, उदयपुर, ना.प्र.नं. : २५९७
२. धनजमानीको नाम : पवित्रा वि.क., पिता/पतिको नाम : टेकमान कामी, स्थायी ठेगाना : रुपाटार(७, उदयपुर, ना.प्र.नं. : १४१०३५/१२३६२५

**शाखा कार्यालय : सत्तेरझोरा, सुनसरी**

१५१. ऋणीको नाम : महजमिन खातुन, पिता/पतिको नाम : नजिर खाँ, बाजे/ससुराको नाम : अलाउदिन खाँ, स्थायी ठेगाना : दमक-११, झापा, ना.प्र.नं. : ०४०३०४४/११९३, कर्जाको शीर्षक :साधारण धनजमानीको नाम : मजिद खाँन, पिता/पतिको नाम : नसिर खाँ, बाजे/ससुराको नाम : फजिल खाँन, स्थायी ठेगाना : इनरुवा-९, सुनसरी, ना.प्र.नं. :०६-०१-७५-०८८२४

१५२.ऋणीको नाम : सिता थरुनी, पिता/पतिको नाम : विध्यानन्द चौधरी, बाजे/ससुराको नाम : भुटाइ चौधरी, स्थायी ठेगाना : सत्तेरझोरा-२, सुनसरी, ना.प्र.नं. : १६७२/५११, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : विध्यानन्द चौधरी, पिता/पतिको नाम : भुटाइ चौधरी, स्थायी ठेगाना : सत्तेरझोरा-२, सुनसरी, ना.प्र.नं. : १०९२२/१५३२/१५३ कु

**शाखा कार्यालय : टंकिसिनवारी, मोरङ्ग**

१५३.ऋणीको नाम : आशा राई, पिता/पतिको नाम : उत्तम राई, बाजे/ससुराको नाम : बाल कुमार राई, स्थायी ठेगाना :हेलौछा- ८,भोजपुर, ना.प्र.नं. : ०९३०१६/३५, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम : लक्ष्मी गुरुङ्ग, पिता/पतिको नाम : बासुदेव गुरुङ्ग, स्थायी ठेगाना : इटहरी-१, सुनसरी, ना.प्र.नं. : ०६-०१-७०-०६२९५

१५४. ऋणीको नाम : बिना देवी पासमान, पिता/पतिको नाम :राजेश पासमान, बाजे/ससुराको नाम :लखन पासमान, स्थायी ठेगाना : पुर्ब कुशाहा-१,सुनसरी, ना.प्र.नं. : ०६३०१४/४७०, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीको नाम : राजेश पासमान, पिता/पतिको नाम :लखन पासमान, बाजे/ससुराको नाम :छटु पासमान, स्थायी ठेगाना :पुर्ब कुशाहा-१, सुनसरी, ना.प्र.नं. : ०६३०१४/५६१

१५५.ऋणीको नाम : जानुका दाहाल, पिता/पतिको नाम : डिल्ली प्रसाद दहाल, बाजे/ससुराको नाम :सम्सेर प्रसाद दाहाल, स्थायी ठेगाना :बिराटनगर-५, मोरङ्ग, ना.प्र.नं. : २८९८६, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीको नाम : डिल्ली प्रसाद दाहाल, पिता/पतिको नाम : सम्सेर प्रसाद दाहाल, स्थायी ठेगाना :धरान-६, सुनसरी, ना.प्र.नं. : ४५२८

१५६.ऋणीको नाम : शान्ती देवी यादव, पिता/पतिको नाम :हुकुमचन्द्र यादव, बाजे/ससुराको नाम : मूलचन यादव, स्थायी ठेगाना : टंकिसिनवारी-४, मोरङ्ग, ना.प्र.नं. : ६/११२२४, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीको नाम : हुकुमचन्द्र यादव, पिता/पतिको नाम :मुलचन यादव, बाजे /ससुराको नाम :फनिलाल यादव, स्थायी ठेगाना :टंकिसिनवारी-४, मोरङ्ग, ना.प्र.नं. : ५९५४१

१५७.ऋणीको नाम : लक्ष्मी कुमारी साह, पिता/पतिको नाम : नन्द कुमार साह, बाजे/ससुराको नाम :जगदिस साह, स्थायी ठेगाना : बबियाबिर्ता-२,मोरङ्ग, ना.प्र.नं. : ४६३९२, कर्जाको शीर्षक : आकस्मिक एकलजमानीको नाम : नन्द कुमार साह, पिता/पतिको नाम :जगदिस साह, बाजे/ससुराको नाम :धनेश्वर साह, स्थायी ठेगाना :बिराटनगर-५, मोरङ्ग, ना.प्र.नं. : ६५९२६/६६९२६

१५८.ऋणीको नाम : सिया देवी रिषिदेव, पिता/पतिको नाम :चमरु रिषिदेव, बाजे/ससुराको नाम : मेनकु रिषिदेव, स्थायी ठेगाना : बैजनाथपुर-२, मोरङ्ग, ना.प्र.नं. : ०५१०३८/१६०, कर्जाको शीर्षक :साधारण एकलजमानीको नाम : चमरु रिषिदेव, पिता/पतिको नाम : मेनकु रिषिदेव, बाजे/ससुराको नाम :एकलाल रिषिदेव, स्थायी ठेगाना :बैजनाथपुर-९, मोरङ्ग, ना.प्र.नं. : ज. ५/९४

**शाखा कार्यालय : हरीनगरा, सुनसरी**

१५९. ऋणीको नाम : सुनिता कुमारी पासमान, पिता/पतिको नाम : लक्ष्मण प्रसाद कोतवाल, बाजे/ससुराको नाम : दुर्गा नन्द कोतेवाल, स्थायी ठेगाना : धनपाल-२, मोरङ्ग, ना.प्र.नं. : ०५-०१-७६-०४१८७, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : पवन कुमार पासवान, पिता/पतिको नाम : जोगिन्दर पासमान, बाजे/ससुराको नाम : मोहन पासमान, स्थायी ठेगाना : रा.सि.-९, सुनसरी, ना.प्र.नं. : ०६-०६-७३-००१९०

१६०.ऋणीको नाम : ललिता देवि पासमान, पिता/पतिको नाम : जोगिन्दर पासमान, बाजे/ससुराको नाम : मोहन पासमान, स्थायी ठेगाना : रा.सि.-९, सुनसरी, ना.प्र.नं. : ०६१०२४/१३६९२६, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : सुनिता कुमारी पासमान, पिता/पतिको नाम : लक्ष्मण प्रसाद कोतवाल, बाजे/ससुराको नाम : दुर्गा नन्द कोतवाल, स्थायी ठेगाना : धनपाल-२,मोरङ्ग, ना.प्र.नं. : ०५-०१-७६-०४१८७

**शाखा कार्यालय : रानिबिराटनगर, मोरङ्ग**

१६१. ऋणीको नाम : कृतिका मानन्धर, पिता/पतिको नाम : गोपाल मानन्धर, बाजे/ससुराको नाम : मणिकलाल मानन्धर, स्थायी ठेगाना : बिराटनगर-१७, मोरङ्ग, ना.प्र.नं. : ०५-०१-७०/१४६६३, कर्जाको शीर्षक : साधारण
१. धनजमानीको नाम : गोपाल मानन्धर, पिता/पतिको नाम : मणिक लाल मानन्धर, बाजे/ससुराको नाम : जनकलाल मानन्धर, स्थायी ठेगाना : बिराटनगर-१७, मोरङ्ग, ना.प्र.नं. : ५५३२५
२. धनजमानीको नाम : प्रशान्त मानन्धर, पिता/पतिको नाम : गोपाल मानन्धर, बाजे/ससुराको नाम : मणिक लाल मानन्धर, स्थायी ठेगाना : बिराटनगर-१७, मोरङ्ग, ना.प्र.नं. : ०५-०१-६९-०३००

**शाखा कार्यालय : झुम्का, सुनसरी**

१६२.ऋणीको नाम : सुमित्रा प्रधान, पिता/पतिको नाम : भीमकुमार लिवाङ, बाजे/ससुराको नाम : अम्बिका प्रसाद लिवाङ, स्थायी ठेगाना : भद्रपुर-१, झापा, ना.प्र.नं. : ०४/७०५, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : भीम कुमार लिवाङ, पिता/पतिको नाम : अम्बिका प्रसाद लिवाङ, बाजे/ससुराको नाम : बल बहादुर लिवाङ, स्थायी ठेगाना : सिनाम-५, ताप्लेजुङ, ना.प्र.नं. : ५१२/४७४/८

१६३.ऋणीको नाम : गिता देबी धिमाल, पिता/पतिको नाम : इजिकेल राई, बाजे/ ससुराको नाम : पदम बहादुर राई, स्थायी ठेगाना : वेलवारी-३, मोरङ्ग, ना.प्र.नं. : ०५३०३७/२१३४, कर्जाको शीर्षक : साधारण एकलजमानीको नाम : इजिकेल राई, पिता/पतिको नाम :पदम बहादुर राई, स्थायी ठेगाना : पाटी-१, मोरङ्ग, ना.प्र.नं. : ४/४१०६

आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
केन्द्रीय कार्यालय : बनेपा-१३, काभ्रेपलाञ्चोक, सम्पर्क नं. : ०११-६६००७३,
इमेल ठेगाना :ashamicrofinance@gmail.com/info@ashamicrofinance.com.np

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७५९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७५१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

## सम्पादकीय

# डेङ्गी फैलिन नदिऊँ

**झापामा डेङ्गी संक्रमण बढ्न थालेको छ । झापाको पनि बिर्तामोड नगरपालिकामा यसको संक्रमण बढी रहेको बताइएको छ । चालू आर्थिक वर्षको असार १३ गतेसम्ममा एक हजार दुई सय एकानब्बे जनामा डेङ्गीको संक्रमण देखिएको स्वास्थ्य शाखा बिर्तामोडका महामारीजन्य रोग नियन्त्रण रोकथाम कार्यक्रम संयोजक ओम खड्काले बताएका छन् । अहिलेसम्मको परीक्षणमा बिर्तामोडका मात्रै चौवन्न जनामा संक्रमण फेला परेकाले 'खोज र नष्ट गर' अभियान शुरु गरिएको छ । गत बैशाखदेखि असार १३ गतेसम्ममा मात्रै एकसठ्ठी जनामा डेङ्गी संक्रमण देखा परेकोले अभियान शुरु गरिएको हो । अहिलेसम्ममा गौरादहमा छ, दमकमा एकजना संक्रमित देखिएको हो ।**

**बिर्तामोडमा उपलब्ध स्वास्थ्य सेवाका कारण यहाँ अन्य जिल्लाबाट समेत बिरामी उपचारका लागि आउँछन् । त्यस्तै जनघनत्व बढी भएका कारण मानिसद्वारा उत्सर्जन हुने फोहर, व्यावसायिक प्रतिष्ठान तथा ग्यारेजहरु बढी भएका कारण डेङ्गीको लार्भा उत्पन्न हुने दर उच्च रहन्छ । यद्यपि अहिले सरसफाईमा विशेष ध्यान दिइएको छ । घर–घरबाट उत्सजर्न हुने फोहरको व्यवस्थापन पनि गरिँदैछ अनि पनि चेतनाकै अभावका कारण हुनसक्छ सार्वजनिक स्थल, खोला किनारामा फोहर फ्याल्ने क्रम रोकिएको छैन । यस्तोमा बढेको संक्रमण नियन्त्रण गर्न नगरपालिकाको स्वास्थ्य शाखाले अभियानका रुपमा डेङ्गी नियन्त्रण कार्यक्रम प्रारम्भ गरेको छ ।**

**डेङ्गी एजिप्टाई जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने रोग हो । लामखुट्टेले टोकेपछि उच्च ज्वरो आउने टाउको दुख्ने, आँखाको गेडी तथा पछिल्लो भाग दुख्ने, मांसपेशी, जोर्नी, ढाड दुख्ने, वाकवाकी लाग्ने, पेट दुख्ने, गिजाबाट रगत आउने जस्ता लक्षण देखिने स्वास्थ्यविद्हरुको भनाइ छ । यस्तो लक्षण देखिनासाथ तत्काल उपचार नगर्दा यसले महामारीको रुप लिन सक्छ । त्यसकारण पनि मनसुनको समयमा किटजन्य संक्रमण बढी हुने भएकाले सम्भावित जोखिमबाट बच्न सबै सचेत हुनुपर्छ । बिर्तामोड नगरपालिकाको सभाहलमा भएको अभिमुखीकरण कार्यक्रममा बोल्दै कार्यवाहक नगर प्रमुख नगेन्द्र संग्रौलाले रोग लाग्नै नदिने वातावरण बनाउन आग्रह गरे । उनले अभियानमा बैंक, सहकारी लगायतका संघ–संस्थालाई अभियानमा सहकार्य गर्न आग्रह गरे । रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु बुद्धिमानी हुने हुँदा सबैले सचेत हुनु नै यस्ता महामारीबाट जोगिनु हो । तसर्थ, सबैले आ–आफ्नो ठाउँबाट सहयोग गरेर साझा कर्तव्य पूरा गरौं ।**

# प्रस्तावित नयाँ शिक्षा ऐन र शिक्षाको रूपान्तरण



**तीर्थराज खरेल**



शिक्षा ऐन २०२८ लाई विस्थापित गरी नयाँ शिक्षा ऐन निर्माणको क्रममा छ। देशका लागि आवश्यक पर्ने योग्य, इमान्दार र दक्ष जनशक्ति उत्पादन गर्नु र शैक्षिक गुणस्तरसँगै असल समाज र समुन्नत राष्ट्र निर्माणमा योगदान गर्नु शिक्षाको मूल उद्देश्य हो। बालबालिकाले सैद्धान्तिक र व्यावहारिक दुबै शिक्षा सन्तुलित रूपमा प्राप्त गरून्, सामाजिक र सांस्कृतिक विषय सम्बन्धी ज्ञान प्राप्त गरून् साथै विशेषगरी नैतिकवान् र चरित्रवान् बन्न सकून् भन्ने धारणा हिजोआज बिरानो भएको छ।

नयाँ नेपाल राजनीतिक व्यवस्था परिवर्तन भएर मात्र बन्दैन। विद्यालयमा बालबालिकालाई व्यावहारिकभन्दा पनि सैद्धान्तिक ज्ञान थोपरिएको हुन्छ। प्रतिस्पर्धा गर्नु र अब्बल हुनु विद्यार्थीको कर्म हो भनी सिकाइएको हुन्छ। उनीहरूलाई सफल मान्छे बन्न प्रेरित गरिन्छ र पैसा कमाउने नै सफलताको द्योतक हो भन्ने मान्यता सिकाइन्छ। सफलतालाई भौतिक पक्ष र आर्थिक सम्पन्नतासँग दाँजेर हेरिन्छ। शिक्षाले बालबालिकालाई मानवीय सहयोग, सदाचार, मित्रता, सौहार्दता सम्बन्धी शिक्षा दिनुपर्छ, साथै बाँच्नका लागि शिक्षाले विज्ञान, प्रविधि र व्यावसायिक जीवनका लागि आवश्यक सैद्धान्तिक ज्ञान पनि दिनुपर्छ। निपुण तर निष्ठावान डाक्टरले मात्र बिरामीको राम्रो सेवा गर्न सक्छ। कुशाग्र तर इमान्दार इन्जिनियरले मात्र मुलुकको सही सेवा गर्न सक्छ। नैतिकवान, इमान्दार र असल राजनीतिज्ञले मात्र मुलुकको भविष्य सोच्दछ।

विवेकी र कर्तव्यनिष्ठ कर्मचारीले मात्र जनताको हितमा काम गर्न सक्छ। निष्कपट र निर्लोभी न्यायाधीशले मात्र निर्भिक भएर न्यायिक निर्णय गर्न सक्छ। विज्ञान-प्रविधि सम्बन्धी चेतनाको विकास र नैतिक आचरण, निष्ठा र सहयोगी भावनाले मात्र मानिसको जीवन पूर्ण र सार्थक बन्न सक्छ। चिनियाँ साम्यवादी नेता माओत्सेतुङले भने झैं असल शिक्षाले मानिसलाई लाल अर्थात् क्रान्तिकारी र निपुण हुन सिकाउँछ। मानवीय मूल्य-मान्यता र संस्कारको ज्ञानबिनाको शिक्षा अपुरो र अव्यावहारिक हुन्छ। नैतिक र आचरण सिकाउने शिक्षाको अभावबाट अहिले समाजमा अपराध, हिंसा, भ्रष्टाचारजस्ता कुराहरू दिनानुदिन मौलाउँदै गएका छन्। शिक्षा क्षेत्रमा गैर जिम्मेवारीपन, कमिशन, भ्रष्टाचार, ढिलासुस्ती, कामचोर प्रवृत्ति, अराजकता, नातावाद-कृपावाद, दलीयकरण, परिवारवाद, व्यक्तिवाद, जातिवाद र अतिवाद मौंलाउँदो छ।

मुलुकमा ७० वर्षभन्दा लामो समयदेखिको नेपाली जनताको आफैले चुनेका व्यक्तिहरुबाट संविधान निर्माण गर्ने उत्कट चाहना नेपालको संविधान २०७२ जारी भएपछि पूरा भएको छ। तर, प्रश्न उक्त संविधानको प्रस्तावनामा उल्लेख भएको लोकतन्त्र, सङ्घीयता र गणतन्त्रात्मकता शिक्षा क्षेत्रमा मुखरित हुन सकेन भन्ने हो। शिक्षा भनेको औपचारिक डिग्री प्राप्त गर्ने मात्र नभई उच्च चेतनाको विकास गरी श्रमको सम्मान गर्ने नागरिक तयार गर्ने आधार हो। उत्पादनका काममा जोडिने र सामुहिक भावनाको विकास गरी समाज र देशका लागि आफ्नो जीवन लगाई आफ्नो भविष्य पनि त्यसैमा देख्ने सक्षम जनशक्ति निर्माण गर्ने शिक्षाको मूल उद्देश्य हो। नयाँ युगका चुनौतीसँग जुध्न सक्ने र प्राप्त विशाल अवसरलाई उपयोग गरी समाज र राष्ट्रलाई प्रगतिको सुमार्गमा डोऱ्याउन सक्ने सुयोग्य नागरिक उत्पादन गर्ने शिक्षानीति आजको खाँचो हो।

उच्च चेतनायुक्त प्राविधिक दक्ष नागरिक तयार गर्ने उद्देश्यका साथ शिक्षानीतिमा आमूल परिवर्तन गर्नु अत्यावश्यक भइसकेको छ। शिक्षानीतिमा नेपाल सुहाउँदो वैज्ञानिक ढाँचा कस्तो हुनुपर्छ भन्ने कुरा नीतिनिर्माता र राजनीतिक तथा शैक्षिक नेतृत्वले सरोकारवाला सबैसँग गरिने घनिभूत छलफल, बहस र अन्तरक्रियाबाट निर्क्यौल गरिने विषय हो। आजको शताब्दीका आवश्यकतालाई सामना गर्न सक्ने वैज्ञानिक शिक्षानीति निर्माण गर्न प्रगतिशील र लोकतान्त्रिक दृष्टिकोणद्वारा निर्देशित हुनुपर्छ र रुढिवाद, अन्धविश्वास र कुरीतिका बिरुद्ध उभिएर सभ्य र सु-संस्कृत समाज निर्माण गर्ने लक्ष्य बोकेको हुनुपर्छ।

आजको शिक्षाप्रणाली अध्ययन र अनुशासनलाई गाँस्ने, शिक्षक र विद्यार्थी दुबै आम जनसमुदायसँग जोडिने र पाठ्यक्रम निर्माणमा समेत शिक्षक, विद्यार्थी र अभिभावकबीचको त्रिपक्षीय संयोजनकारी भूमिका हुनुपर्छ। सिक्ने र सिकाउने सबालमा विकसित नवीनतम विधि, नियम र तकनिकीहरुलाई कुशलतापूर्वक प्रयोग गर्नसक्ने उचित वातावरण सृजना गर्दै अन्य विकसित देशको तुलनामा हाम्रो देशलाई पुऱ्याउने आत्मविश्वास उमार्न सक्ने शिक्षानीति अबको हाम्रो आवश्यकता हो। नीतिगत अस्पष्टता, फितलो अनुगमन प्रणाली, समन्वयको अभाव, चरम राजनीतिक हस्तक्षेप, कमजोर प्रशासनिक अवस्था, कमजोर परीक्षा प्रणाली, अव्यावहारिक पाठ्यक्रम, दोहोरो नीति, चरम निजीकरण, शिक्षकको सेवाको असुरक्षा, शिक्षकमा अमिल्दो विविधता, शैक्षिक व्यवस्थापनमा अन्यौल, स्थानीय सरकारको उदासिनता, जनप्रतिनिधिहरुको अनभिज्ञता आदि मूलभूत समस्याहरु हुन्।

